देवानगञ्ज गाउँपालिका
Dewanganj Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय

**Office Of Rural Municipal Executive**

देवानगञ्ज, सुनसरी
Dewanganj, Sunsari
कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal

Email: dewanganjmun@gmail.com

मिति : २०८३/०५/१६
नेपाल सम्बत : ११४६ गुलागा १९ मंगलबार

## प्रेस विज्ञप्ती

वि.सं. २०८३ साल भाद्र १० गते (सन् २०२६ अगष्ट २६) मा वागमती प्रदेशको भोटेकोशी नदीमा आएको बाढीका कारण रसुवा, नुवाकोट, धादिङ जिल्लामा ठुलो मात्रामा भएको जनधनको क्षति प्रति देवानगञ्ज गाउँपालिका तथा यस गाउँपालिकाका नागरिकहरुको तर्फबाट गहिरो दुःख व्यक्त गर्दछौं । प्राकृतिक विपद्को यस पिडादायी घटनामा परी आफ्नो अमूल्य जीवन गुमाउनु हुने प्रति देवानगञ्ज गाउँपालिकाको तर्फबाट भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवार जनप्रति गहिरो समवेदना प्रकट गर्दछौं ।

अकल्पनिय विपद्बाट घाइते हुनुभएका तथा प्रत्यक्ष/अप्रत्यक्ष रुपमा असर पुगेका सम्पुर्ण नागरिकहरुको शिघ्र स्वास्थ्य लाभ, सुरक्षित पुर्नस्थापना र सामान्य जनजीवनको कामना गर्दै विपद्को यो घडी एक भूगोल र समुदायको पिडा मात्र नभई सम्पुर्ण समुदाय र सिंगो राष्ट्रकै साझा पिडा भएकोले राष्ट्रिय विपद्को यस कठिन परिस्थितिबाट दुःखमा परेका नागरिकहरुलाई संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, नागरिक समाज, निजी क्षेत्र, गैरसरकारी संस्था तथा आम नेपाली नागरिकले आफ्नै पिडा सम्झी आ-आफ्नो तर्फबाट सहयोग गर्नु मानवीय, सामाजिक तथा नैतिक दायित्व र कर्तव्य समेत रहन्छ ।

अतः राष्ट्रिय विपद्को यस दुःखद घडीमा दुःखमा परेका नागरिकहरुमा सहयोग गर्ने मानवतालाई आत्मसाथ गर्दै भोटेकोशी बाढीबाट प्रभावित नागरिकहरुको उद्धार, राहत तथा पुर्नस्थापनमा सहयोग पुऱ्याउने उद्देश्यले देवानगञ्ज गाउँपालिका, सुनसरीले गाउँ कार्यपालिकाको मिति २०८३ साल भाद्र १६ गतेको निर्णय अनुसार प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा तपसिल अनुसारको एकमुष्ट रकम रु.१७,५२,२१३/- (अक्षरेपी सत्र लाख बाउन्न हजार दुई सय तेह्र मात्र) जम्मा गर्ने निर्णय गरिएको छ । गाउँपालिकाबाट गरिएको यो सहयोग रकम विषम परिस्थितिमा परेका नागरिकको पिडामा सहयोग, एकबद्धता मानवीय समवेदना तथा अन्तर सरकार समन्वय र सहकार्यका सानो र अर्थपुर्ण प्रयास रहने अपेक्षा गर्दछौं ।

तपसिल :

| क्र.सं. | योगदान गर्ने समूह/क्षेत्र | रकम (रु.) | कैफियत |
|---|---|---|---|
| १ | सम्पुर्ण जनप्रतिनिधिहरुको तर्फबाट | ४,५८,०००/- | १ महिनाको सेवा सुविधा |
| २ | सम्पुर्ण गाउँपालिका कर्मचारीहरुको तर्फबाट | ४,३९,४९९/- | अधिकृतस्तरका कर्मचारीहरुको सुरु तलब स्केलको ५ दिन, नायब सुब्बा, खरिदार वा सो सरहका कर्मचारीहरुको ३ दिन र श्रेणीविहीन कर्मचारी/सहयोगीको १ दिनको तलब |
| ३ | गाउँपालिका अन्तर्गतका विद्यालय शिक्षक तथा कर्मचारीहरुको तर्फबाट | ८,५४,७१४/- | माध्यमिक शिक्षक, नि.मा.वि. द्वितीय श्रेणी र प्रा.वि. प्रथम श्रेणी वा सो सरहका शिक्षकको सुरु तलब स्केलको ५ दिन, अन्य शिक्षकहरुको तथा विद्यालय कर्मचारीहरुको ३ दिन र श्रेणीविहीन कर्मचारी/सहयोगीको १ दिनको तलब |
| | जम्मा | १७,५२,२१३/- | |

२०८३/०५/१६
बाबुराम घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

२०८३/०५/१६
बेचन प्रसाद मेहता
अध्यक्ष